# राजर्षिजनक विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३

(स्वीकृत मिति: २०८३ भाद्र १५)

प्रस्तावना:

रा.ज.वि. ऐन, २०७४ को दफा ३५ (क) को प्रावधान, निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिको व्यवस्था, कार्यान्वयन गर्न र नेपाल सरकारको राष्ट्रिय नीति अनुरूप कार्य सञ्चालन गर्न विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूमा छात्रछात्राहरूलाई यस कार्यविधि अनुसार छात्रवृत्ति प्रदान गरिनेछ । यो कार्यविधि स्वीकृत पश्चात २०८३/०८४ सत्र देखि लागू हुनेछ ।

कार्यविधि लागू हुनुभन्दा पहिलेको सत्रमा अध्ययनरत विद्यार्थीहरूको हकमा रा.ज.वि. शैक्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को व्यवस्था अनुरूप छात्रवृत्ति प्रदान गरिनेछ ।

यस कार्यविधि अनुसार प्रदान गरिने छात्रवृत्ति सबै शैक्षिक कार्यक्रम र सबै तहको कार्यक्रममा लागू गरिनेछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम "राजर्षिजनक विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३" रहनेछ ।

१.२ यो कार्यविधि राजर्षिजनक विश्वविद्यालय कार्यकारी परिषद् बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:**

२.१ विषयर प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

- "आर्थिक रुपले विपन्न" भन्नाले नेपाल सरकार द्वारा विपन्न भनि पंजीकृत परिवारका विद्यार्थी सम्झनु पर्छ ।
- "विपन्न" भन्नाले गरिब विद्यार्थीहरु मध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विपन्नको कारण खुलाई सिफारिस गरेको तोकिएको व्यक्ति, तोकिएको वा निर्धारित आय भन्दा कम आय भएका व्यक्ति वा परिवार हो ।
- "दलित" भन्नाले नेपाल सरकारबाट दलित भनिसूचिकृत जातजातिलाई सम्झनु पर्छ ।
- "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रिय सम्बन्धी दिर्घकालिन अशक्तता, कार्यगत सिमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।
- "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडी पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वन्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउछ ।
- "निशुल्क" भन्नाले उच्चशिक्षा अध्ययनका लागिविद्यार्थीबाट कुनै किसिमको अध्ययन शुल्क नलिई अध्ययनको अवसर प्रदान गर्ने व्यवस्थालाई सम्झनु पर्दछ ।

३. **छनोट समिति:** सबै तहमा अध्ययनरत विद्यार्थीहरूका लागि यस कार्यविधि अनुसार छात्रवृत्ति प्रदान गर्न केन्द्रीय स्तरमा छात्रवृत्ति छनोट समिति हुनेछ ।

४.क. छात्रवृत्ति छनोट समितिले छात्रवृत्ति प्रदान गर्नका लागि छनोट सम्बन्धी सम्पूर्ण प्रक्रियागत कार्य पूरा गरी छात्रछात्राहरूको योग्यताक्रम निर्धारण गर्ने र सो को सूचना प्रकाशन गर्नेछ।

४.ख. छनोट समिति सदस्यहरू:

राजर्षिजनक विश्वविद्यालय कार्यकारी परिषद्को बैठकबाट निर्णय भए अनुसार हुनेछ।

४.ग. छनोट प्रक्रिया: छनोट समितिले प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात छात्रवृत्ति प्राप्त गर्न आवेदन माग गर्नेछ। प्राप्त आवेदनको आधारमा छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरूको योग्यताक्रम सूची कायम गरी प्रकाशित गर्नेछ। सूची तयार गर्दा (नेपाल सरकार तथा) विश्वविद्यालय ऐन र नियमले तय गरेको समावेशी सिद्धान्तलाई अवलम्बन गरिनेछ।

४.घ. छात्रवृत्तीसँग सम्बन्धित कागजातहरूको फाइलिङ र अभिलेखीकरण गर्ने।

४.ङ. क्याम्पस तहको छात्रवृत्ति सम्बन्धी अनुगमन, व्यवस्थापन तथा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने कार्य क्याम्पस प्रमुख मातहत हुनेछ।

५. छात्रवृत्ति प्राप्त गर्ने छात्रछात्रा

- सम्बन्धित शैक्षिक कार्यक्रममा भर्नाका लागि प्रवेश सम्बन्धी प्रवेश परीक्षा उत्तीर्ण भई भर्ना भएको वा भर्नाका लागि सिफारिस भएको।
- नेपाली नागरिक।

आरक्षित / लक्षित समूहका छात्रछात्राहरू:

- महिला(आर्थिक रुपले विपन्न) – २०%
- आर्थिक रूपले विपन्न – १८%
- दलित – ०९%
- अपाङ्ग – ०९%
- सीमान्तकृत [आदिवासी/ जनजाती (१०%), मधेशी(१०%), थारु(८%), अति सीमान्तकृत र अन्य (६%), लोपोन्मुख समुदाय(५%), मुस्लिम(५%)] – ४४%
- विश्वविद्यालय शिक्षक/कर्मचारीका छोरा-छोरी

६. छात्रवृत्तिको प्रकार

- जेहेन्दार छात्रवृत्ति: विश्वविद्यालयका आंगिक क्याम्पसका प्रत्येक तहमा अध्ययनरत विद्यार्थीहरूमध्ये प्रत्येक सेमेस्टरमा सबैभन्दा उत्कृष्ट अंक ल्याउने सिट संख्याको १० प्रतिशत विद्यार्थीले जेहेन्दार छात्रवृत्ति प्राप्त गर्नेछन्।
- जेहेन्दार छात्रवृत्ति एक पटकमा एक सेमेस्टर अवधिको लागि मात्र कायम रहनेछ।
- प्रथम सेमेस्टरमा दिइने छात्रवृत्ति प्रथम पटक प्रकाशित प्रवेश परीक्षामा उच्चतम अंक हासिल गर्ने र रा.ज.वि.मा रजिष्ट्रेशन भएका जेहेन्दार विद्यार्थीलाई प्रदान गरिनेछ।
- दोस्रो लगायत पूरै शैक्षिक अवधिमा प्रत्येक सेमेस्टरमा सत्रान्त परीक्षाको नतिजाको आधारमा १० प्रतिशत विद्यार्थीलाई कायम गरिनेछ।

आरक्षित छात्रवृत्ति:

- यस्ता छात्रवृत्ति पूरै शैक्षिक कार्यक्रम अवधिको लागि दफा १७ बमोजिम कायम रहने गरी प्रदान गरिनेछ।
- विश्वविद्यालय शिक्षक/कर्मचारीका छोरा-छोरीको छात्रवृत्ति
- दाताबाट प्रदान गरिने अन्य छात्रवृत्ति

विशेष छात्रवृत्ति:

नियमित छात्रवृत्ति अन्तर्गत समावेश हुन नसकेका तर कुनै विशेष कारणवश उपकुलपतिको स्वविवेकीय मूल्यांकनमा छात्रवृत्ति प्रदान गर्न आवश्यक देखिएमा।

## ७. छात्रवृति सीट संख्या सम्बन्धी व्यवस्था

७.१. विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरूमा उपलब्ध छात्रवृत्ति सीट संख्या:

(क) सिट संख्याको १०% जेहेन्दार विद्यार्थीहरूलाई: सम्पूर्ण निःशुल्क (कुनै शुल्क नलाग्ने)

(ख) सिट संख्याको १०% आरक्षित विद्यार्थीहरूलाई: सम्पूर्ण निःशुल्क (कुनै शुल्क नलाग्ने)

(ग) सिट संख्याको १०% आरक्षित विद्यार्थीहरूलाई: आंशिक (शिक्षण शुल्क मात्र नलाग्ने)

(सिट संख्याको ५०% वा त्यो भन्दा कम भर्ना संख्या भएमा ७.१.ग. अनुसारको छात्रवृत्ति प्रदान गरिने छैन तर ५०% भन्दा बढी भर्ना संख्या भएमा सो अनुसार छात्रवृत्ति दिइनेछ।

७.२. सम्बन्धन प्राप्त क्याम्पसहरूमा उपलब्ध छात्रवृत्ति सीट संख्या:

- शैक्षिक कार्यक्रममा उपलब्ध सीट संख्याको न्युनतम १०% सीट रहनेछ।
- सबै सीट आरक्षित छात्रवृत्तिको लागि रहनेछ। यस छात्रवृत्तिमा छनोट भएका विद्यार्थीले पूर्ण निःशुल्क (कुनै पनि शुल्क तिर्नुनपर्ने) छात्रवृत्ति पाउनेछन्।
- योग्यताक्रम सूची तयार गर्दा (नेपाल सरकार तथा) विश्वविद्यालय ऐन र नियमले तय गरेको समावेशी सिद्धान्तलाई अवलम्बन गरिनेछ।

आरक्षित समूहको विवरण:

- महिला(आर्थिक रुपले विपन्न) – २०%
- आर्थिक रूपले विपन्न – १८%
- दलित – ०९%
- अपाङ्ग – ०९%
- सीमान्तकृत [आदिवासी/ जनजाती (१०%), मधेशी(१०%), थारु(८%), अति सीमान्तकृत र अन्य (६%), लोपोन्मुख समुदाय(५%), मुस्लिम(५%)] – ४४%

## ८. विश्वविद्यालय शिक्षक/कर्मचारीका छोरा/छोरीका लागि छात्रवृत्ति

विश्वविद्यालयका विभिन्न संकाय अन्तर्गतका क्याम्पसहरूमा सबै तह र कार्यक्रममा अध्ययनरत विश्वविद्यालयमा कार्यरत शिक्षक/कर्मचारीका छोराछोरीलाई निम्नानुसार छात्रवृत्ति प्रदान गरिनेछ:

(क) आंगिक क्याम्पसहरूमा भर्ना भएका शिक्षक तथा कर्मचारीका सन्ततिहरूलाई रा.ज.वि. शिक्षक तथा कर्मचारी सेवा नियमावली, २०७५ को परिच्छेदको १२ को नियम १२.२(३) अनुसार शिक्षण शुल्क निःशुल्क गरिनेछ। यस बाहेक अन्य लाग्ने शुल्क भने तिर्नुपर्नेछ।

(ख) बीचैमा छात्रवृत्तिबाट मुक्त भएको खण्डमा, निजले प्राप्त गरेको छात्रवृत्ति भर्नाको समयको योग्यताक्रममा रहेका वैकल्पिक उम्मेदवारले बाँकी अवधिको लागि प्राप्त गर्नेछन्।

## ९. दाताबाट प्रदान गरिने अन्य छात्रवृत्ति

दाताहरूले मुलुकको शिक्षाको विकासमा योगदान पुर्याउन चाहेमा छात्रवृत्ति कोषमा रकम जम्मा गर्न सक्नेछन्। उहाँहरूले इच्छा गरेको नामबाट छात्रवृत्ति कोषमा रकम जम्मा गरी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सकिनेछ। छात्रवृत्ति समितिले स्वीकृत लिई निश्चित मापदण्ड बनाएर छात्रवृत्ति प्रदान गर्नेछ।

## १०. विशेष छात्रवृत्ति

नियमित छात्रवृत्ति अन्तर्गत समावेश हुन नसकेका तर कुनै विशेष कारणवश उपकुलपतिको स्वविवेकीय मूल्यांकनमा छात्रवृत्ति प्रदान गर्न आवश्यक देखिएमा, उपकुलपतिको प्रस्तावमा जुनसुकै तह र शैक्षिक कार्यक्रममा एक शैक्षिक सत्रमा बढीमा ५ जनालाई कार्यकारी परिषदबाट तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

## ११. टाइब्रेक (Tie-Break) सम्बन्धी व्यवस्था

दुई वा दुई भन्दा बढी छात्र-छात्राहरूको प्राप्तांक समान भएमा छात्रवृत्ति छनोट समितिले औचित्यपूर्ण र प्रचलित टाइब्रेकको सिद्धान्तलाई आधार बनाई योग्यताक्रम निर्धारण गर्नेछ।

## १२. छात्रवृत्ति विकास तथा सञ्चालन कोष

शैक्षिक संस्थामा एक 'छात्रवृत्ति विकास तथा सञ्चालन कोष' स्थापना गरी सो कोषमा विभिन्न दातृ निकाय, आन्तरिक स्रोतहरू र व्यक्तिहरूबाट प्राप्त रकम पारदर्शी रूपमा जम्मा गर्ने व्यवस्था गरिनेछ।

## १३. छात्रा/छात्रको कर्तव्य

(क) विश्वविद्यालयको ऐन, कानून तथा आचारसंहिता पालना गर्दै निर्धारित समयभित्र परीक्षाहरू उत्तीर्ण गर्नुपर्नेछ।

(ख) काबु बाहिरको अवस्था बाहेक बीचमा अध्ययन छाड्न पाइने छैन।

## १४. दोहोरो छात्रवृत्ति सम्बन्धी व्यवस्था

अन्यत्रबाट छात्रवृत्ति पाइरहेको वा अन्यत्रबाट पनि छात्रवृत्ति पाएमा यस विश्वविद्यालयबाट पाएको छात्रवृत्ति फिर्ता गर्नुपर्नेछ। झुटा विवरण दिई दोहोरो छात्रवृत्ति लिइरहेको पाइएमा विश्वविद्यालयको नियमानुसार कारबाही गरिनेछ।

## १५. थप छात्रवृत्ति नहुने

छात्रवृत्ति पाइरहेको विद्यार्थीलाई अर्को छात्रवृत्ति थप गरिने छैन।

१६.  सरकारी कर्मचारी/तलबभत्ता पाउनेको हकमा

नेपाल सरकारको कोषबाट तलब खाने गरी तल[illegible] विदा नलिई विहान-बेलुकाको समयमा अध्ययन गरिरहेका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न छैनन् ।

१७.  छात्रवृत्ति रोकिने अवस्था

आरक्षित कोटाको स्नातक तहमा विद्यार्थीले लगातार चार सेमेस्टर वा स्नातकोत्तर तहमा लगातार दुई सेमेस्टरमा उत्तीर्ण हुन नसकेमा छात्रवृत्ति रोकिनेछ।

१८.  छात्रवृत्ति खारेजी सम्बन्धी व्यवस्था

यस कार्यविधिमा जहाँसुकै लेखिएको भए तापनि विश्वविद्यालयको ऐन, कानून तथा आचारसंहिता विपरीत कुनै कार्य गरेको प्रमाणित भएको खण्डमा उक्त विद्यार्थीको छात्रवृत्ति स्वतः खारेज हुनेछ र तत्पश्चात तोकिए बमोजिमको सम्पूर्ण शुल्क तिर्नुपर्नेछ।

१९.  छात्रवृत्तिको लागि अयोग्यता

- गैर नेपाली विद्यार्थी,
- आवेदन दिने समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष उमेर नाघेको,
- अध्ययनरत तहमा एक पटक नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा कुनै सरकारी वा गैरसरकारी निकाय वा बिदेशी मुलुक वा अन्य कुनै संघ संस्था वा विदेशी कुटनीतिक निकाय वा अन्य निकाय बाट छात्रवृति प्राप्त गरेको,
- माथि जुन सुकै कुरा लेखिएको भए तापनि शहिदको छोराछोरी र अपाङ्गता भएका विद्यार्थीको हकमा उमेरको हद लाग्ने छैन ।

२०.  अन्तिम निर्णय

विश्वविद्यालयका सबै तहमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा छात्रवृत्ति समितिको निर्णय नै अन्तिम हुनेछ।

२१.  **विविध:** यस कार्यविधिमा उल्लेख नभएको कुरा रा.ज.वि. ऐन, नियमावली तथा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।